कर्णाली प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन तथा वातावरण निर्देशनालय

# डिभिजन वन कार्यालय दैलेख

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/१२/०५

यस कार्यालयको चालू आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतका तपशिलका कार्यक्रमहरु सामुदायिक वन उपभोक्ता समूह/कबुलियती वन समूह/सहकारी/निजी उधमी/फर्मबाट तोकिएको लागत सहभागितामा गराउनुपर्ने भएकाले मिति २०८१ चैत्र ०५ गतेको धमाका राष्ट्रिय दैनिक पत्रिकामा ३० (तिस) दिने सूचना प्रकाशन गरिएको छ। ईच्छुक सामुदायिक वन उपभोक्ता समूह/कबुलियती वन समूह/सहकारी/निजी उधमी/फर्मबाट तोकिएको ढाँचामा कार्ययोजना प्रस्ताव सहितको आवेदन पेश गर्नुहुन अनुरोध छ । समय सिमा भित्र प्राप्त हुन नआएका वा रित नपुगेका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

| सि.नं. | कार्यक्रम | इकाई | परिमाण | बजेट (रु. लाखमा) | संचालन गर्नुपर्ने कियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्राकृतिक रुपमा रहेका जडिबुटि संरक्षण तथा व्यवस्थापन कार्यकम | पटक | १ | १० | ✓ प्राकृतिक रुपमा रहेका जडिबुटिको संरक्षण तथा व्यवस्थापनको कार्य गर्ने । | सामुदायिक वन उपभोक्ता समूह/ कबुलियती वन समूह |
| २ | पकेट क्षेत्रमा जडिबुटि खेती बिस्तार | पटक | १ | १० | ✓ फोकल टिमले तोकेके क्षेत्रमा जडिबुटि खेति बिस्तारको कार्य गर्ने । | सामुदायिक वन उपभोक्ता समूह/ कबुलियती वन समूह/ सहकारी/ निजी उधमी/फर्म |
| ३ | जडिबुटि बिरुवा उत्पादन तथा खेती बिस्तार | पटक | १ | ३ | ✓ जडिबुटिको बिरुवा उत्पादन गर्ने (दुल्लुमा रहेको नर्सरीमा उत्पादन गर्ने) | सामुदायिक वन उपभोक्ता समूह/ कबुलियती वन समूह/ सहकारी/ निजी उधमी/फर्म |
| | | | | ४ | ✓ जडिबुटि खेति बिस्तारको कार्य गर्ने । | |
| ४ | नदी उकास जग्गामा बृक्षारोपण\वन पुनरस्थापना कार्यकम | पटक | १ | ३ | ✓ सा व,क व तथा सार्वजनीक क्षेत्रमा रहेको नदि उकास भएको ठाउमा बृक्षारोपण कार्य गर्ने । | सामुदायिक वन उपभोक्ता समूह/ कबुलियती उपभोक्ता वन समूह |
| ५ | कबुलियती वन विकास तथा प्रवर्द्धन कार्यकम | पटक | १ | ३ | ✓ कबुलियती वन क्षेत्रमा उपभोक्ताको लागि आयमुलक प्रजातिको बिरुवा रोपण तथा संरक्षण । | कबुलियती वन उपभोक्ता समूह |
| ६ | कृषि वन कार्यकम | प्याकेज | १ | ३ | ✓ काष्ठ तथा जडिबुटि जन्य बिरुवाको रोपण कार्य । | कृषक/निजी उधमी/फर्म |
| ७ | बृक्षारोपण योजना कार्यान्वयन | प्याकेज | १ | १० | ✓ बृक्षारोपण योजनामा समावेश भएको सा व, क व वा सार्वजनीक नाङ्गो स्थानमा हावापानी सुहाउदो प्रजातीको बृक्षारोपण गर्ने । | सामुदायिक वन उपभोक्ता समूह/ कबुलियती वन उपभोक्ता समूह |
| ८ | वन पैदावारमा आधारित नविनतम उद्योग स्थापना तथा संचालन | वटा | १ | ५ | ✓ भौतिक संरचनाको निर्माण । ✓ सामाग्रि तथा उपकरण खरिद ✓ उत्पादनको ब्रान्डिंग । | स्थानिय वन पैदावारमा आधारित उद्यमी |
| ९ | गुरासँ संरक्षण योजना कार्यान्वयन कार्यकम | वटा | १ | ५ | ✓ गुरासँ प्रजातीको रुखबिरुवा प्रसस्त मात्रामा भएको सा व तथा क व क्षेत्रमा कार्य संचालन गर्ने । ✓ गुरास गाउपालीकामा मात्र कार्य संचालन गर्ने । | सामुदायिक वन उपभोक्ता समूह |
| १० | महत्वपुर्ण जैविक विविधतायुक्त क्षेत्र संरक्षण तथा व्यवस्थापन | पटक | ४ | ४ | ✓ जैविक विविधताको संरक्षणको कार्य गर्ने । ✓ महावु र नौमुले गा पा क्षेत्रमा संचालन गर्ने | सामुदायिक वन उपभोक्ता समूह |

राधा कृष्ण दास
डिभिजनल वन अधिकृत

Scanned with CamScanner

कर्णाली प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन तथा वातावरण निर्देशनालय

# डिभिजन वन कार्यालय दैलेख

## प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु

- रु. १० को टिकट टाँसी निवेदन,
- स्थायी लेखा नम्बर प्रमाणपत्र,
- कबुलियती वन समूह/सामुदायिक वन उपभोक्ता समूह/सहकारीको हकमा समितिको निर्णय प्रतिलिपि ,दर्ता प्रमाणपत्र ,कर चुक्ता प्रमाण पत्र, पाना नं, विधान तथा विनियम र गत आ.व.को लेखा परीक्षण प्रतिवेदन,
- लालपुर्जाको फोटोकपी र तिरो तिरेको रसिदको प्रतिलिपि,
- निजी फर्मको हकमा दर्ता, नविकरण र करचुक्ताको प्रमाणपत्र,
- अघिल्लो तिन आ.व.मा कुनै कार्यालयबाट सो कामको लागी अनुदान प्राप्त गरेको/नगरेको सार्वजनिक खरिद अनुगमन कार्यालयबाट कालोसूचीमा नरहेको साथै प्रस्ताव पेश गरेको कार्यक्रमको लागि अन्य निकायबाट अनुदान प्राप्त नगरेको स्व:घोषणा,
- निवेदकको नागरिकता वा परिचय खुल्ने कागजात
- स्थानिय तहको सिफारिस

## प्रस्ताव सम्बन्धि थप विवरण

### क० प्रस्तावनाको ढाँचा

- प्रस्ताव पेश गर्ने संस्थाको नाम र ठेगाना:
- समुह।फर्मको छोटो चिनारी र लक्ष्य:
- विद्यमान वित्तिय तथा अन्य भौतिक पूर्वाधारहरु
- विद्यमान भौतिक पूर्वाधारहरु
- प्रस्तावित क्रियाकलापहरु
- प्रस्तावित क्रियाकलापहरु संचालन गरिने विधि (जनशक्ति, समूहको योगदान कसरी जुटाउने, उपलब्ध जग्गा)
- प्रस्तावित क्रियाकलापहरुबाट हुने खर्च तथा आम्दानीको प्रक्षेपण
- क्रियाकलाप संचालन गर्न लाग्ने समय
- प्रस्तावित क्रियाकलापहरुबाट लाभान्वित घरधुरी र सिर्जना हुने रोजगारी
- लगानीका सम्भाव्य स्रोत सम्बन्धि विवरण
- प्रस्तावित क्रियाकलापहरुबाट उत्पादित हुने जडिबुटी वा प्रशोधित बस्तुको मात्रा
- दिर्घकालिन जगेर्ना विधि
- सम्क्षिप्त आर्थिक तथा प्राविधिक पक्ष

### ख० प्रस्तावना सम्वन्धी अन्य व्यवस्था

- म्याद नाघि प्राप्त भएको प्रस्ताव पत्र उपर कुनै कारवाहि हुने छैन ।
- सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सुचिमा राखेका समुह, व्यक्ति, फर्म संस्था वा सहकारीले भाग लिन पाउने छैनन् ।
- प्रस्ताव पत्रको लागि प्रकाशित सुचना अनुसार आवश्यक पर्ने सम्पुर्ण कागजातहरु अनिवार्य रुपमा प्रस्ताव पत्र साथ पेश गर्नुपर्ने अन्यथा प्रस्ताव पत्र मान्य हुने छैन ।
- विगत ५ वर्ष देखि अनुदान प्राप्त गरेका उस्तै प्रकृतिका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।
- विरुवा खरिद गर्नुपर्ने भएमा विरुवाको गुणस्तर कायम गर्नुपर्ने भएकोले यस कार्यालयबाट प्रचलित नर्म्स बमोजिम खरिद गरी हस्तान्तरण गरिनेछ ।

राधा कृष्ण दास
डिभिजनल वन अधिकृत

Scanned with CamScanner

Phone No : ०८९-४२०१३२
Email : dfodailekh.2077@gmail.com

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन तथा वातावरण निर्देशनालय

# डिभिजन वन कार्यालय दैलेख

- अनुदानग्राहीको तर्फबाट पेश गर्नुपर्ने साझेदारी: सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यक्रमको हकमा कुल लागतको कम्तीमा ३० प्रतिशतसम्म र निजि फर्म वा उद्यमीको हकमा कम्तीमा ५० प्रतिशतसम्म अनुदानग्राहीले लगानी गर्नुपर्नेछ ।

नोट : थप जानकारीको लागी डिभिजन वन कार्यालय दैलेखको फोन नं ०८९-४२०१३२ वा ९८५८०५०१३२ मा सम्पर्क राखि जानकारी लिन सकिनेछ साथै कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ । यो सुचना डिभिजन वन कार्यालय दैलेखको वेवसाइट www.dfodailekh.gov.np मा समेत हेर्न सकिनेछ ।

Scanned with CamScanner